# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

**श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जारी गरिबक्सेको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

**२०६२ सालको अध्यादेश नं. १७**

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत वीरेन्द्रमाला महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम महागौरवमय सुप्रदीप्त वीरेन्द्रप्रजातन्त्रभास्कर परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम्।

## शिक्षा ऐन, २०२८ लाई संशोधन गर्न बनेको अध्यादेश

**प्रस्तावना:** शिक्षा ऐन,२०२८ लाई तत्काल संशोधन गर्न आवश्यक भएको र हाल संसदको अधिवेशन नभएकोले,

श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट नेपाल अधिराज्यको संविधान,२०४७ को धारा ७२ अनुसार यो अध्यादेश जारी गरिबक्सेको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस अध्यादेशको नाम "शिक्षा (आठौं संशोधन) अध्यादेश, २०६२" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **शिक्षा ऐन,२०२८ को दफा २ मा संशोधनः** शिक्षा ऐन,२०२८ (यसपछि "मूल ऐन" भनिएको ) को दफा २ को खण्ड (ठ) मा रहेका "स्थापना गरेको" भन्ने शब्दहरु पछि "सार्वजनिक वा निजी" भन्ने शब्दहरु थपिएका छन् ।

३. **मूल ऐनको दफा ३ मा संशोधन** : मूल ऐनको दफा ३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ :-

"(४) सम्वत् २०५८ साल माघ २५ गते भन्दा अघि संस्थागत विद्यालयको रुपमा सञ्चालन भई आएका तर कम्पनी वा शैक्षिक गुठीको रुपमा दर्ता नभएका वा त्यसरी दर्ता गर्न निवेदन नदिएका विद्यालयले त्यस्तो विद्यालय कम्पनी वा शैक्षिक गुठी कुन रुपमा सञ्चालन गर्ने हो सो सम्बन्धमा तोकिएको विवरण खुलाई यो उपदफा प्रारम्भ भएको मितिले छ महिनाभित्र तोकिएको अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।"

४. **मूल ऐनको दफा ११ख. मा संशोधनः** मूल ऐनको दफा ११ख.को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-

"तर,

(१) सम्वत् २०६१ साल श्रावण २१ गतेपछि सामुदायिक विद्यालयमा रिक्त भएको वा हुने शिक्षक पदको नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवा तोकिए बमोजिम हुनेछ ।

(२) दफा ११थ. बमोजिम स्थानीय निकाय, व्यंवस्थापन समिति वा संस्थाले व्यवस्थापन जिम्मा लिएको सामुदायिक विद्यालयको शिक्षकको नियुक्ति तथा त्यसरी नियुक्त शिक्षकको बढुवा तोकिएको आधारमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले गर्नेछ ।"

५. **मूल ऐनको दफा ११च. मा संशोधनः** मूल ऐनको दफा ११च.को उपदफा (१) को खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ:-

"तर त्यसरी खुल्ला प्रतियोगिताको लागि पद संख्या खुलाउँदा बढीमा पचास प्रतिशत पदमा सम्वत् २०६१ साल श्रावण २१ गतेपछि आयोगबाट भएको पहिलो विज्ञापनमा देहायका व्यक्ति मात्र उमेदवार हुन पाउने गरी आयोगले आवश्यक व्यवस्था गर्न सक्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) सम्वत् २०५२ सालमा प्रकाशित विज्ञापन बमोजिम स्थायी रुपमा शिक्षकको पदपूर्ति हुँदा अस्थायी शिक्षकबाट हट्न गएका व्यक्ति मध्ये कम्तिमा एक वर्ष अस्थायी शिक्षकको हैसियतले काम गरेको व्यक्ति,

(२) सम्वत् २०५८ साल माघ २५ गते अघि सामुदायिक विद्यालयको शिक्षक पदमा अस्थायी नियुक्ति पाई निरन्तर रुपमा काम गरिरहेको व्यक्ति ।"

६. **मूल ऐनको दफा ११ढ. मा संशोधन**: मूल ऐनको दफा ११ढ. मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिंदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ ।"

७. **मूल ऐनमा दफा ११थ. थप**: मूल ऐनको दफा ११त. पछि देहायको दफा ११थ. थपिएकोछः-

"११थ. **विद्यालयको व्यवस्थापन जिम्मा दिन सकिने**: कुनै सामुदायिक विद्यालयको व्यवस्थापन तोकिएको आधारमा स्थानीय निकाय, व्यवस्थापन समिति वा संस्थालाई जिम्मा दिन सकिनेछ। त्यसरी व्यवस्थापन जिम्मा दिइएका विद्यालयलाई यस ऐनको अधीनमा रही एकमुष्ठ अनुदान रकम दिइनेछ ।"

८. **मूल ऐनको दफा १२ मा संशोधनः** मूल ऐनको दफा १२ को,-

(१) उपदफा (५) पछि देहायको उपदफा (५क) थपिएको छ :-

"(५क) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकारले भवन वा जग्गा उपलब्ध गराएको वा कुनै किसिमको सहयोग दिएको कुनै संस्थागत विद्यालयको व्यवस्थापन समितिको गठन श्री ५ को सरकारबाट हुन आवश्यक देखिएमा शिक्षा तथा खेलकूद मन्त्रालयले त्यसको कारण खुलाई आफैले गर्न सक्नेछ ।"

(२) उपदफा (६) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) आफैले नियुक्त वा बढुवा गरेका शिक्षकको लागि तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।"

९. **मूल ऐनको दफा १६झ. मा संशोधनः** मूल ऐनको दफा १६झ. मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएकोछ :-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर दफा १५ बमोजिम कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्ने सम्बन्धी व्यवस्था संस्थागत विद्यालयको हकमा समेत लागू हुनेछ।"

१०. **बचाउः** सम्बत् २०६१ साल माघ १८ गते जारी भएको शिक्षा (आठौं संशोधन) अध्यादेश, २०६१ बमोजिम भए गरेका काम कारवाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ।

लालमोहर सदर मितिः २०६२।४।१७।२

आज्ञाले,

डा. कुलरत्न भुर्तेल

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्यः रू. ५०।-

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६२०